# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्धारा प्रकाशित**

**खण्ड ७) पाङ्डुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल साउन १५ गते २०८१ (संख्या ७**

## भाग २

## शिक्षक दरबन्दी मिलान, सरुवा तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ (पहिलो संशोधन) २०८१

(गाउँ कार्यपालिकाबाट पारित)

(गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०३।२५)

**१. परिच्छेद २ दफा ३ को क, ख, ग को सट्टा देहायको व्यहोरा संशोधन गरिएको छ ।**

**३. शिक्षक सरुवा तथा दरबन्दी मिलानः** शिक्षक दरबन्दी मिलान शिक्षा ऐन २०२८, को दफा १६(ज) र वैतेश्वर गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ बमोजिम गरिनेछ ।

(क) बैतेश्वर गाउँपालिका भित्रका स्थायी, अस्थायी, करार र राहत शिक्षक, बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीलाई एक विद्यालयबाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने दरबन्दि भित्र गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले सरुवा गर्न सक्नेछ ।

(ख) शिक्षकको सरुवा प्रत्येक वर्ष शैक्षिक सत्र सुरुहुनु भन्दा अगावै वा शैक्षिक सत्रको सुरुमा गरिने छ । तर विशेष कारण तथा परिस्थिति सिर्जना भएमा शैक्षिक शत्र सकिएको जुनसुकै समयमा पनि सरुवा गर्न सकिने छ ।

(ग) एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा दुई वर्ष सेवा पूरा नभई सरुवा गरिने छैन । तर विशेष परिस्थीति सृजना भई शिक्षा युवा तथा खेलकुद शाखाको सिफारिस भई आएमा विद्यालय व्यवस्थापन समितिको निर्णय विना सरूवा गर्नका लागि शिक्षा समितिको सयोजकलाई कुनै वाधा पर्ने छैन ।

**२. परिच्छेद ३ दफा ४ को (ख) को सट्टा देहायको व्यहोरा संशोधन गरिएको छ ।**

(ख) शिक्षक व्यवस्थापनका अन्य आधारहरु बैतेश्वर गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ बमोजिम हुनेछ । तर दरबन्दी मिलान गर्दा वा विशेष कारणवश कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा ५ वर्ष सेवा अवधि पुरा नभएको भए पनि कारण खुलाई यस दफा बमोजिम सरुवा गर्न बाधा पर्ने छैन ।

आज्ञाले
ऋषिराम ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

वैतेश्वर राजपत्र